# आ.व. २०७९।०८० मा यस घ्याङलेख गाउँपालिका द्वारा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको समग्र अनुगमन प्रतिवेदन

मितिः २०८०।०३।२२

श्रीमान् अध्यक्षज्यू,
घ्याङलेख गाउँपालिका, हायुटार, सिन्धुली ।

**विषयः- चालु आ.व.०७९।०८० को योजना।कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन ।**

## पृष्ठभूमीः

स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ मा भएको व्यवस्था गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तरगत सोही दफाको उपदफा २(छ) ले स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाको अनुगमन, मुल्याङ्कन तथा नियमन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरिएको छ । स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन हुने र सोही बमोजिम यस गाउँपालिकामा पनि अनुगमन समिति सकृय रहेको छ ।

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा भौतिक, आर्थिक, मानवीय, प्राविधिक र सूचना श्रोत र साधनको परिचालन र उपयोग समुचित ढंगले भएको छ/छैन र कार्य योजना एवं कार्य तालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल र अपेक्षित प्रभाव वा असर प्राप्त भएको छ \ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर वा आवधिक रूपमा तथ्यपरक रुपमा निगरानी राख्ने, अभिलेखांकन गर्ने र संचार गर्ने कार्य अनुगमन हो। :अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाको निम्न बमोजिमको कुराहरुमा विशेष ध्यान दिने गर्दछः-

(क) स्रोत साधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिका अनुसार भएको छ / छैन ?
(ख) अपेक्षित प्रतिफलहरू समयमै र लागत— प्रभावकारी रूपमा हासिल भएका छन् / छैनन् ?
(ग) कार्यान्वयन क्षमता के—कस्तो छ ?
(घ) के—कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के—कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?
(ङ) जिम्मेवार पक्षले क्षमता र गुणस्तरमा सम्झौता गरेको छ कि छैन र त्यसका कारण लक्ष्य प्रभावित भएको छ वा छैन ?

अनुगमनका क्रममा उपर्युक्त पक्षहरूको बारेमा नियमित, व्यवस्थित र समयबद्धरूपमा तथ्याङ्क / विवरणहरू संकलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्व पूर्ण सहयोग पुगदछ ।

## प्रमुख कृयाकलापहरुः

यस गाउँपालिकामा आ.व.२०७९।०८० मा कूल जम्मा ११७ वडा योजनाहरु (पूँजीगत) रहेका छन् । हस मध्ये ५ लाख सम्मको योजना अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने अधिकार सम्पूर्ण वडालाई नै रहेको छ भने ५ लाख भन्दा बढीको योजनाहरु मात्रै गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने कार्य गरेका थियौं। पालिकामा सम्झौता भई भई सञ्चालित योजनाहरुको स्थलगत रुपमा स्तन्त्र, निष्पक्ष तथा व्यावसायिक मुल्य र मान्यताका आधारमा प्राय सबै योजनाहरुको अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गरेका थियौं। योजना तथा कार्य सञ्चालनकै क्रममा सरोकारवालालाई विभिन्न सुझाव, निर्देशन तथा मार्गदर्शनहरु महत्तपूर्ण रुपमा रहेको थियो। सम्पूर्ण योजना तथा कार्यक्रमहरुको छुट्टा छुट्टै अनुगमन मुल्याङ्कन प्रतिवेदनहरु तयार गरिएको छ ।

## अनुगमनमा देखिएका समस्याहरुः

अनुगमन तथा मूल्याङ्न गर्दा देहाय बमोजिमका विविध समस्याहरु देखा परेका छन् -

१. अनुगमनका सन्दर्भमा प्राप्त नीतिगत मार्गदर्शन नहुनु,
२. योजना तथा कार्यक्रमले पारेको समग्र प्रभाव, असर र दिगोपनको मूल्याङ्कनलाई समेट्न नसक्नु,
३. अनुगमन तथा मूल्याङ्कनकसँग जोडिएका पदाधिकारी तथा कर्मचारिमा प्राविधिक पक्षको प्राप्त ज्ञान नहुनु,
४. अनुगमनका लागि प्राप्त भौतिक र मानवीय स्रोतको अभाव हुनु,
५. कठिन भूगोल, एकैपटक फरक फरक ठाउँमा अनुगमन गर्नुपर्ने, प्राय अनुगमन आर्थिक वर्षको अन्तिममा तथा वर्षायाममा गर्नुपर्ने वाध्यता,
६. अनुगमनका खटिदा कार्यालयका कामहरु प्रभावित हुनु,
७. प्राविधिक कर्मचारीले अपेक्षित समय दिन नसक्नु,
८. ल.ई.मा उल्लेखित भाषा तथा विषयवस्तु वुझ्न नसक्नु आदि।

## समस्या समाधानका उपायहरुः

१. अनुगमनलाई प्रभावकारी पार्नका लागि कानूनी, नीतिगत, तथा कार्यविधिगत व्यावस्था गनुपर्ने,
२. उपभोक्ता समितिलाई प्रविधिक ज्ञानको विकास गर्नुपर्ने,
३. वर्षायाम सुरु हुनुभन्दा पहिला नै योजना सम्पन्न गर्नुपर्ने,
४. उपभोक्ताले व्यहोर्नुपर्ने हिस्सालई कडाइका रुपमा कार्यन्वयन गर्नुपर्ने,
५. वातावरणीय विषयलाई प्राप्त ध्यान पुऱ्याउनुपर्ने,
६. अनुगमनलाइ दिगो विकासका आयामलाई आवद्ध गरिनुपर्ने,

७. प्रविधिको प्रयोगलाइ बढाउने,

८. अनुगमन, मूल्यांकनलाई पहिलो प्राथमिकतामा राखि निरन्तरता दिने

९. योजना संचालनको शिलशिलामा समेत प्राप्त अनुगमन र पृष्ठपोषण गरिनुपर्ने,

१०. सरोकारवाला नगरिकको सहभागिता हुनुपर्ने आदि ।

११. आन्तरिक र तेस्रो पक्षको मूल्याङ्ककन मार्फत विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन मार्फत विकास नीति, योजना, तथा कार्यक्रमको असर र प्रभाव अध्ययन गरी पृष्ठपोषण प्रदान गर्ने प्रयासलाई सुदृढ बानाउने एवम् विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन कार्य सूचना प्रविधिमा आधारित वनाउनु जरुरी छ ।

**प्रतिवेदकः**

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | शंकरमान घलान | उपाध्यक्ष | | |
| २ | राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत | | |
| ३ | सान्नानी नेपाली | का.पा.सदस्य | | |
| ४ | निम बहादुर थामी | का.पा.सदस्य | | |
| ५ | सुरेश कुमार अधिकारी | लेखा अधिकृत सातौं | | |
| ६ | निराजन कुमार आले | ईन्जिनियर | | |
| ७ | मुकेश पुर्वे | ईन्जिनियर | | |
| ८ | किशोर कुमार वाईबा | सूचना प्रविधि अधिकृत | | |
| ९ | सुधन थिङ | सहायक पाँचौं | | |
| १० | पदम बहादुर सुनुवार | आ.ले.प. सहायक | | |
| ११ | मिलन पुलामी | सब. ईन्जिनियर | | |